दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक ७१ | बुटवल | २०८२ फागुन २७ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday March 11, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## ग्यासको कालोबजारी गर्नेलाई कारबाही हुने

बुटवल। ग्यास बिक्रेता महासंघ नेपालले बजारमा खाना पकाउने ग्यासको कृत्रिम अभाव सिर्जना गर्ने र सरकारले तोकेको मूल्यभन्दा बढी लिने जोकोहीलाई कानुनी कारबाही गर्न सरकारसँग माग गरेको छ।

महासंघले मंगलबार विज्ञप्ति जारी गर्दै बजारमा ग्यास अभाव भएको र केही ठाउँमा बिक्रेताहरूले अनुचित मूल्य लिएर उपभोक्तालाई मर्कामा पारेको समाचारप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

मध्यपूर्वमा देखिएको पछिल्लो अशान्तिका कारण भविष्यमा ग्यास नपाइने हो कि भन्ने चिन्ता उपभोक्तामा पर्नु स्वाभाविक भएको महासंघले उल्लेख गरेको छ।

तर, यस्तो विषम परिस्थितिको फाइदा उठाएर सरकारले तोकेको मूल्यभन्दा बढीमा ग्यास बिक्री वितरण गर्नु गम्भीर अपराध भएको महासंघको ठहर छ।

महासंघले देशभरिका आमबिक्रेतालाई कुनै पनि गैरकानुनी काम नगर्न र जिम्मेवार भएर सेवा प्रवाह गर्न विज्ञप्तिमार्फत् अपिल गरेको छ।

साथै, संकटका बेला उपभोक्ता ठग्ने बिक्रेता वा ग्यास उद्योगीहरूलाई पहिचान गरी कडा कानुनी कारबाही गर्न महासंघले सरकारसँग माग गरेको छ। यस्ता गैरकानुनी काम गर्ने जोकोहीलाई कारबाही हुने कुरा सबै जिल्ला संघमार्फत देशभरिका विक्रेतालाई जानकारी गराउन समेत महासंघले निर्देशन दिएको छ।

नेपाल आयल निगम र ग्यास उद्योगीबिच छलफल भएको छ। बजारमा खाना पकाउने एलपी ग्यास अभाव अझै समाधान हुन नसकेपछि निगमले उद्योगीहरूलाई आपूर्ति व्यवस्था सहज र पारदर्शी बनाउन विशेष निर्देशन जारी गरेको छ।

निगम प्रवक्ता मनोज ठाकुरले निगम र ग्यास उद्योगीहरूबिच भएको छलफलमा उद्योगीले आपूर्तिमा कुनै समस्या नभए पनि वितरण प्रणालीमा सुधार आवश्यक रहेको बताएको जानकारी दिए।

उनका अनुसार निगमले उद्योगहरूलाई आफ्नो तोकिएको क्षमता अनुसार ग्यास निरन्तर आयात गरी बजार पठाउन र उद्योगले दैनिक रूपमा कुन बिक्रेतालाई कति ग्यास पठाइयो भन्ने स्पष्ट विवरण निगममा बुझाउन निर्देशन दिएको छ।

त्यसैगरी ग्यास बिक्रेताहरूले पनि कसलाई ग्यास बिक्री गरे भन्ने कुराको फोन नम्बरसहित अभिलेख अनिवार्य रूपमा राख्नुपर्ने व्यवस्था गरिएको छ।

ग्यास वितरण क्रममा घरायसी प्रयोजनलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने निगमको मुख्य निर्देशन छ। होटल तथा व्यावसायिक क्षेत्रभन्दा पहिले सर्वसाधारणका लागि ग्यास उपलब्ध गराउनुपर्ने र व्यावसायिक प्रयोजनमा पठाइएको ग्यासको पनि छुट्टै रेकर्ड राख्न भनिएको उनले बताए।

छिमेकी भारतले आजै घरायसी उपभोक्ताका लागि २५ दिनमा एउटा मात्र सिलिन्डर दिने नियम ल्याएको छ। तर, नेपालमा त्यस्तो समस्या नरहेको र माग अनुसारकै ग्यास आयात भइरहेको प्रवक्ता ठाकुरले बताए।

'नेपालको वार्षिक खपत भारतको एक दिनको खपत जति मात्रै भएकाले आपूर्तिमा कुनै समस्या छैन,' उनले भने-'केवल वितरण प्रणाली व्यवस्थित बनाउन आवश्यक छ।'

उद्योगीहरूसँग भ्याट बिल र गाडी ट्र्याकिङ प्रणाली हुने भएकाले अब कुन बिक्रेताले कति ग्यास प्राप्त गऱ्यो र कसलाई बेच्यो भन्ने कुराको सूक्ष्म अनुगमन गरिने निगमले जनाएको छ।

कतिपय बिक्रेताले आफ्ना पुराना वा नियमित ग्राहकलाई मात्र प्राथमिकता दिँदा नयाँ र आपतकालीन अवस्थाका उपभोक्ताले ग्यास नपाएको गुनासो आएकाले सबैलाई समान रूपमा वितरण गर्न पनि निर्देशन दिइएको छ।

यो नयाँ व्यवस्था लागु भएपछि बजारमा देखिएको कृत्रिम अभाव हट्ने र उपभोक्ताले सहजै ग्यास पाउने निगमको दाबी छ।

# लुम्बिनीका मुख्य शहरमा कस्तो छ वायु प्रदूषणको मात्रा ?

**देशभर ३१ वटा केन्द्र भए पनि लुम्बिनीको एकसहित १२ वटा मात्रै सञ्चालन हुँदा अन्य स्थानको अवस्थाबारे नागरिक अनविज्ञ हुन बाध्य छन्।**





**लुम्बिनी संवाददाता**
*बुटवल*

वायु गुणस्तर मापनका आधारमा संघीय राजधानी काठमाडौं विश्वकै प्रदूषित शहरहरूको सूचीमा दोस्रो स्थानमा पुग्दा लुम्बिनी प्रदेशका मुख्य शहरहरुको अवस्था कस्तो छ भन्ने यकिन छैन। लुम्बिनी प्रदेशका चार स्थानमा वायु गुणस्तर मापन केन्द्र स्थापना भए पनि हाल दाङ देउखुरीको मात्र सञ्चालनमा हुँदा घना जनघनत्व भएका बुटवल, भैरहवा र नेपालगञ्जलगायतका शहरहरुमा वायु प्रदूषणको मात्रा कति छ भन्ने यकिन हुन नसकेको हो। काठमाडौंको हावाको गुणस्तर सूचकांक १९० भन्दा माथि पुगेको छ, जुन मानव स्वास्थ्यका लागि निकै हानिकारक मानिन्छ।

बुटवल, भैरहवा र नेपालगञ्जलगायतका औद्योगिक-व्यवसायिक र भारतसँग सीमा जोडिएका शहरहरु भएकाले यी शहरहरुको वायु प्रदूषण मात्रा पनि उच्च हुनसक्ने प्रदेश सरकारका वातावरण निरीक्षकको अनुमान छ। तर प्रदूषणको स्तर मापन हुन नसक्दा नागरिकहरु आफ्नो स्वास्थ्य अवस्थामा पर्न सक्ने असरबारे अनविज्ञ हुन बाध्य छन्।

लुम्बिनी प्रदेशका बुद्ध जन्मस्थल लुम्बिनी, नेपालगञ्ज, घोराही र देउखुरी गरी ४ मध्ये देउखुरीको केन्द्रले मात्रै सक्रियरुपमा वायु गूणस्तर मापन गरिरहेको प्रदेशको वन तथा वातावरण मन्त्रालयका वातावरण निरीक्षक निर्मल चौधरीले बताए।

उनका अनुसार पछिल्लो देउखुरी आसपासमा मंगलबार दिउँसो पछिल्लो २४ घण्टाको औसत वायुको गुणस्तर एक्यूआई १६५ रहेको छ भने दिउँसोको मात्रा ११४ रहेको छ। एक्यूआईको मात्रा २ सय माथि हुँदा स्वास्थ्यका लागि हानिकारक हुन्छ भने ३ सय माथि पुग्दा अति हानिकारक हुने वातावरण निरीक्षक चौधरीले बताए। 'दाङ भन्दा रुपन्देहीका बुटवल, भैरहवा र नेपालगञ्ज औद्योगिक शहर र भारतको सीमा नजिक भएकाले ती शहरहरुको वायु प्रदूषण स्वतः बढी हुन्छ, तर वायु गुणस्तर मापन केन्द्रहरु सूचारु रुपले सञ्चालन हुन नसकी बन्द भएकाले कुन स्तरमा प्रदूषण छ भन्ने भन्न सकिने अवस्था छैन।'

पछिल्लो २४ घण्टामा वायु गुणस्तर मापनको सूचक पि.एम. २.५ को मात्रा ८३.२ माइक्रोग्राम/घन मिटर रहेको चौधरीले बताए। पछिल्लो २४ घण्टामा देखिएका पि.एम. २.५ को मात्राहरुलाई वायु गुणस्तर सूचाङ्क (एअर क्वालिटी इन्डेक्स अर्थात् ए.क्यू.आइ) गणितीय हिसाबले परिणत गर्दा देउखुरीसहित सबै सक्रिय देशभरका १२ वटा स्टेशनहरुको वायु गुणस्तर अस्वस्थ्यकर तहमा रहेको चौधरीले बताए। 'अस्वस्थकर तह रहेको वायु गुणस्तरको स्केल १५१-२०० सम्म हो, यस तहमा दम, मुटु र उच्च रक्तचाप समस्या भएका व्यक्तिहरुलाई प्रत्यक्ष असर गर्छ र बालक, वृद्धा, अशक्तलगायत अन्य सबै व्यक्तिहरुलाई अप्रत्यक्ष रुपमा असर गरेको हुन्छ,' वातावरण निरीक्षक चौधरीले भने-'स्वस्थ्य वायु गुणस्तरको सूचाङ्क ० देखि ५० सम्मको हुन्छ र २०० भन्दा माथि अत्यन्त अस्वस्थकर मानिन्छ।'

वायु गुणस्तर सूचाङ्क अर्थात् ए.क्यू.आई. को तह अनुसार नागरिकहरु घर भित्रै बस्ने, बाहिर कतै निस्कने वा कतिसम्म शारीरिक कृयाकलापहरु गर्ने, बालबालिका, वृद्ध एवं स्वास्थ्य जोखिममा रहेकाहरुको कृयाकलाप कतिसम्म सीमित गर्ने वा कस्तो वायु भएको बेला विपद्को रुपमा नै लिने, सो स्थानमा जाने कि नजाने ? जाने भए कति समयभित्र निस्किने ? जाँदा के कस्तो सावधानी लिएर जाने ? आदी जस्ता सुझाव सरकारी निकायले दिनुपर्नेमा मापन केन्द्र सञ्चालनमा नहुँदा नागरिकको स्वास्थ्यमाथि खेलवाड भएको चौधरीले औंल्याए।

वातावरण विभागका वातावरण निरीक्षक प्रकाश केसीले काठमाडौंसहित देशभर ३१ वटा वायु गुणस्तर मापन केन्द्रहरु जडान गरिएका भए पनि जम्मा १२ वटा मात्रै सक्रिय रहेका बताए।

१२ मध्ये काठमाडौं उपत्यकामा ६ वटा सक्रिय छन् भने भक्तपुर र इलाममा रहेका स्टेशनहरुले सबैभन्दा उच्च पि.एम.२.५ (दुवै स्थानमा १०३ माइक्रोग्राम/घन मिटर) रेकर्ड गरेको देखिन्छ। केसीका अनुसार बन्द भएका वायु गुणस्तर मापन केन्द्रका मेशिनरी यन्त्रहरुको मर्मत सम्भार भइरहेकाले सञ्चालनमा आउन समय लाग्नेछ।

वायु गुणस्तरको अवस्था सर्वसाधरणले सूचनाको हकको रुपमा हेर्न पाउने व्यवस्था मिलाउन, वायू गूणस्तर सूचाङ्क बमोजिम प्रदूषणको स्रोत र प्रदूषण नियन्त्रण गर्न अधिकार प्राप्त निकाय गठन गर्न, सम्बन्धित क्षेत्रका जनशक्ति बढाउन र आपत्कालिन घोषणा समेत गर्न सक्ने कानुनी संयन्त्रको विकास गर्न जरुरी रहेको वातावरण निरीक्षक चौधरीको सरकारलाई सुझाव छ। लुम्बनी प्रदेशमा १२ जिल्लाको वातावरण र वायु प्रदूषणको अवस्था हेर्न एकजना मात्र वातावरण निरीक्षक चौधरी हुन्।

वातावरण विभागमा पनि १०-१२ जना मात्र वातावरण निरीक्षक रहेकाले जनशक्ति अपर्याप्त र तीनै तहका सरकारले न्यून बजेट विनियोजन गर्दा वातावरण संरक्षण तथा वायु प्रदूषण नियन्त्रणका क्षेत्रमा अपेक्षाकृत काम हुन नसकेको विभागका वातावरण निरीक्षक केसीले बताए।

विश्व बैंकले यसै वर्ष प्रकाशन गरेको वायु प्रदूषणसम्बन्धी एक प्रतिवेदनमा नेपालमा विशेषत काठमाडौं उपत्यका र समग्र तराई क्षेत्रमा वायु प्रदूषण बढ्दै गएको देखाएको छ। प्रतिवेदन बमोजिम नेपालका तराई क्षेत्रको पनि दक्षिणी क्षेत्रहरु परासी, बुटवल, भैरहवा वायु प्रदूषणको चपेटामा परेको देखिन्छ।

सोही प्रतिवेदनले नेपालमा प्रत्यक्षरुपमा वायु प्रदूषणले गर्दा वर्षेनी २६ हजार मानिस मृत्यु भइरहेको र नेपालीहरुको औषत आयु करिब ३.५ वर्षले घटिरहेको जनाएको छ। वायु प्रदूषणले गर्दा उच्च रक्तचाप, मुटुसम्बन्धी रोगहरु, फोक्सो संक्रमण र क्यान्सर, मधुमेह जस्ता रोगहरु निम्त्याउने वरिष्ठ फिजिसियन डा. नन्दुप्रसाद पाठक बताउँछन्। 'वायु प्रदूषणमा धुलोका अति साना कणहरू, कार्बन मोनोअक्साइड, ओजोन र नाइट्रोजन डाइअक्साइड जस्ता हानिकारक रसायनहरू मिसिएका हुन्छन्, यी कण यति मसिना हुन्छन् कि हाम्रो नाक र घाँटीको सुरक्षा प्रणालीलाई समेत पार गरेर सिधैँ फोक्सोको भित्री भागसम्म पुग्छन्,' डा.पाठक भन्छन्-'तीनै तहका सरकारले वायु प्रदूषणको असरबाट हुने क्षति रोक्न प्रदूषण नियन्त्रणलाई प्राथमिकतामा राख्न जरुरी छ।'

# 'कम्युनिष्टहरू एक भएको भए कम्तीमा २३ सिट बढी जितिन्थ्यो'



बुटवल। यसटकको प्रतिनिधिसभा निर्वाचनमा कम्युनिष्ट शक्तिहरु विभाजित नभएर एक भएको भए कम्तीमा २३ निर्वाचन क्षेत्र जित्ने प्राप्त मतको तथ्यांकले देखाएको छ। नेकपा एमाले, नेकपा, राजमो, विप्लव, नेमकिपा, प्रलोपालगायतका वाम दलहरु छुट्टाछुट्टै लड्दा यसको सिधा फाइदा रास्वपा र कांग्रेसलाई हुन पुगेको छ।

वामपन्थीहरु मिलेको भए गुल्मी २, प्यूठान, इलाम १, खोटाङ, भोजपुर, बर्दिया, रामेछाप, कैलाली ३, बैतडी, बाग्लुङ २, भक्तपुर १, सिन्धुली १, सिन्धुली २, ओखलढुङ्गा, सोलुखुम्बु, तेह्रथुम, दैलेख १, डोटी, अछाम बाजुरालगायतका जिल्लामा सहज जित निकाल्न सकिने दलहरुले पाएको मतले देखाएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत इलाम १ बाट नेपाली कांग्रेसका निश्कल राईले जित निकाल्दा एमालेका काजीमान कागते तेस्रो र नेपाली कम्युनिष्ट पार्टीका रत्नबहादुर (आरबी) राई पाँचौं भए। यहाँमात्रै हैन, यसपटकको निर्वाचनमा देशका थुप्रै क्षेत्रका परिणाममा कम्युनिष्ट घटकबिचका विभाजले हार ब्यहोर्नु परेको छ।

मुख्य कम्युनिष्ट घटक एमाले, नेकपा, नेमकिपा, जनमोर्चा, विप्लव नेतृत्वको माओवादी, जनार्दन शर्मा नेतृत्वको प्रलोपा र घनश्याम भुसाल नेतृत्वको संयुक्तबिच चुनावी तालमेल हुन्थ्यो भने अहिलेको परिणाममा कम्तिमा २३ सीट उनीहरूको पोल्टामा पर्ने थियो। रास्वपा ११, नेपाली कांग्रेस १०, श्रम संस्कृति पार्टी २ ठाउँमा रोकिने थियो। कम्युनिष्ट शक्तिहरु मिलेको भए एकताले मतदातामा उत्साह र उर्जा दिँदा त्यसको मनोवैज्ञानिक कारणले थप धेरै सिट जित्न सकिने थियो।

इलाम १ मा कांग्रेसका राई १४५४३ मतका साथ निर्वाचित हुँदा श्रम संस्कृति पार्टीका विनोद नेम्वाङ लिम्बु १३६३२ मत ल्याएर दोस्रो भए। तेस्रो हुने जस्तो कि, इलाम १ मा एमालेका कागतेले ११९६६ र चौथो हुने नेकपाका राईले ७६६५ मत पाए।

मानौं, कम्युनिष्टहरू मिलेका थिए भने कागते र राईको मत जोड्दा जम्मा मत १९६३१ हुने थियो। अलग अलग चुनाव लड्दा उनीहरुका केही हजार व्यक्तिगत मत पनि हुनसक्छन्। १४५४३ ले जिते निकालेको क्षेत्रमा दुई कम्युनिष्टका मतमा ५ हजार नै क्षति हुन्थ्यो भने पनि १४६३१ मत कतै जाने थिएन।

नेपालका संसदीय हुन् वा अन्य निर्वाचन, जबजब कम्युनिष्टहरु अप्ठेरोमा पर्छन्, तबतब मिल्दै आएका थुप्रै घटना छन्। यसपटक पनि अरुका लागि भन्दा नेपालका कम्युनिष्ट घटकका लागि निर्वाचन जटिल थियो। जुन कुराको विश्लेषण वा व्याख्या विभिन्न घटकले निर्वाचनपूर्व नै गरेका हुन्।

निर्वाचनअघि नै एमाले अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले चुनावी तालमेल गर्नेबारे अलग अलग प्रस्ताव एकापसमा राखेका थिए। तर, दुबैका प्रस्तावसँगै अडान पनि उत्तिकै चर्को भइदिँदा सम्भव भएन। सार्वजनिक रूपमा व्यक्त गर्दा दुवैले आ-आफूलाई अनुकूल हुने गरी सहमति नभएका कारण पेश गरे।

प्रतिनिधिसभा निर्वाचनपूर्व राष्ट्रियसभा सदस्यको निर्वाचनमा एमाले अध्यक्ष ओलीले नेकपा संयोजक दाहालसँग कुरा गर्दा २ सीट टुंगो लगाइदिएका थिए। तर, दाहालले ३ सीटभन्दा कममा नमानेपछि अन्ततः राष्ट्रियसभाबाट तत्कालीन माओवादी केन्द्र र एकीकृत समाजवादीका रिक्त सीट कांग्रेस र एमालेबिच बाँडचुड हुन पुग्यो।

» बाँकी ३ पेजमा




# सम्पादकीय

## वायु प्रदूषणको असर

सातायता वायु प्रदूषण बढ्दा जनजीवन प्रभावित भएको छ । राम्ररी घाम लागेको छैन, आकाश धुम्म छ । बुटवल, भैरहवासहित तराई र काठमाडौँ उपत्यकामा प्रदूषण बढेको छ। वन तथा वातावरण मन्त्रालयको वातावरण विभागका अनुसार, काठमाडौँ, पोखरालगायत ठूला शहर र तराईका अधिकांश स्थानका वायुमण्डलमा दूषित हावाका कण वा तरल थोपा (पीएम २.५) को मात्रा बढेको छ।

मध्य फागुनदेखि एक महिना वायु प्रदूषणको मात्रा उच्च हुने गरेको छ। पीएम (पार्टिकुलेट म्याटर) सूक्ष्म कण हो। यी कण कपालको चौडाइभन्दा १० गुणा साना हुन्छन्। जुन मानव स्वास्थ्यका लागि हानिकारक हुन्छन्। पीएम २.५ माइक्रोस्कोप लगाएर मात्रै देख्न सकिने ज्यादै साना कण हुन् । यी कण सवारीसाधन, उद्योग, कलकारखाना तथा इट्टाभट्टाको धुवाँ, दाउरा, घुर, कोइला, गुइँठा, छ्वालीजस्ता कृषि अवशेष बाल्दा र वन डढेलोबाट निस्कन्छन्। यी कण श्वास फेर्दा फोक्सो र रगतमा सिधैँ प्रवेश गर्ने भएकाले मानव स्वास्थ्यमा जोखिम हुन्छ। यसबाट फोक्सोको क्यान्सर, मुटु रोग, मस्तिष्कघातजस्ता गम्भीर स्वास्थ्य समस्या हुन्छ। एक प्रतिवेदनअनुसार नेपालमा वायु प्रदूषणका कारण बर्सेनि ४१ हजारभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ। अहिले देशभर वन डढेलोका घटना बढ्नुका साथै कागज तथा प्लास्टिकजन्य फोहोरपदार्थ र बालीनालीका अवशेष जलाउने, इट्टाभट्टा, उद्योग कलकारखाना, सवारीसाधनबाट हुने उत्सर्जन, छिमेकी भारतबाट आउने दूषित हावाले गर्दा वायु प्रदूषण बढेको छ।

नासाको आगलागीसम्बन्धी सूचना व्यवस्थापन प्रणालीमा अभिलेख भएअनुसार २० फागुनमा देशभरको ७० स्थानमा आगलागी तथा वन डढेलो देखिन्छ। २० फागुनदेखि पछिल्लो एक साताभित्र देशभर २५० भन्दा बढी स्थानमा आगलागी तथा वनमा डढेलो फैलिएको छ। यसैगरी, भारतको उत्तर र उत्तर-पश्चिम भेगमा पनि आगलागी तथा वन डढेलोको दर बढेको छ । दूषित हावाको कण बोकेको हावा पश्चिमबाट पूर्वतर्फ बहेकाले प्रदूषणको मात्रा बढेको छ।

वायु प्रदूषणले विशेषगरी जोखिम समूहमा पर्ने दम, खोकीजस्ता श्वासप्रश्वासका दीर्घरोगी, पाँच वर्षमुनिका बालबालिका, गर्भवती, ज्येष्ठ नागरिक, अशक्त असहायलाई बढी असर पार्ने भएकाले सावधानी अपनाउन स्वास्थ्य मन्त्रालयले आग्रह गरेको छ । बिहान र बेलुकी हानिकारक हावाको मात्रा अत्यधिक हुने भएकाले सकेसम्म बाहिर ननिस्कन, निस्कनै परे जिउ ढाक्ने कपडा र नाकमुख छोप्ने मास्क लगाउन मन्त्रालयले अपील गरेको छ।

धुम्म भएको आकाश खुल्न पर्याप्त वर्षा हुनुपर्छ वा वेगमा हावा चल्नुपर्छ। मौसमविदहरुका अनुसार, तत्काल पर्याप्त वर्षा हुने सम्भावना छैन।

त्यसैले प्रदूषणले धुम्म भएको आकाश केही दिन खुल्न समस्या छ। यो प्रदूषणबाट हुने स्वास्थ्य जोखिमबाट बच्न सावधानी अपनाउनु नै उत्तम विकल्प हो । स्वास्थ्य मन्त्रालयले गरेको अपील नागरिकको स्वास्थ्य सुरक्षाका लागि भएकाले पालना गर्न र गराउन सबै जिम्मेवार बनौं।

# अवसर र परीक्षा दुवै रास्वपाकै



मीनकुमार नवोदित

परराष्ट्र नीतिको सन्दर्भमा नेपालले सन्तुलित कूटनीति अपनाउनुपर्नेछ। आर्थिक रूपमा तीव्र प्रतिस्पर्धामा रहेका भारत र चीनबिचमा अवस्थित नेपालले दुवैसँग सन्तुलित सम्बन्ध कायम गर्नुपर्छ। त्यसैगरी संयुक्त राज्य अमेरिकालगायत अन्य शक्तिशाली राष्ट्रहरूसँग पनि सन्तुलित र व्यावहारिक सम्बन्ध राख्दै राष्ट्रिय हितलाई प्राथमिकता दिनुपर्नेछ।

प्रतिनिधि सभा निर्वाचनले नेपालको राजनीतिक इतिहासमा नयाँ मोड ल्याएको छ । लामो समयदेखि सत्ता सञ्चालन गर्दै आएका दलहरूलाई मतदाताले अभूतपूर्व ढंगले अस्वीकार गरेका छन् भने नयाँ शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई अत्यन्त ठूलो जनादेश दिएका छन्।

यसपटकको निर्वाचन परिणाम एउटा दलको जितमात्र होइन । यो जनताको असन्तुष्टि, आक्रोश र परिवर्तनको चाहनाको स्पष्ट अभिव्यक्ति हो। वर्षौंसम्म शासनसत्तामा रहेका नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले)लगायतका दलप्रतिको निराशा र असन्तोष यसपटकको मतदानमा स्पष्टरूपमा प्रकट भएको छ । मतदाताले पुराना दलहरूको कार्यशैली, भ्रष्टाचार, कुशासन र राजनीतिक अस्थिरताबाट दिक्क भएर नयाँ विकल्प खोजेका छन् । यही मनोभावनाले रास्वपालाई अप्रत्याशित उचाइमा पुऱ्याएको छ।

तर यो जित रास्वपाको नीतिगत वा संगठनात्मक शक्तिमात्रैको परिणाम होइन। यो धेरै हदसम्म जनताले पुराना दलहरूलाई दिएको चेतावनी र अस्वीकार पनि हो । त्यसैले अहिले रास्वपाको काँधमा आएको जनादेश उत्सवमात्र होइन गम्भीर जिम्मेवारीको विषय पनि हो । जनताले दिएको यो विश्वासलाई जोगाउन सकियो भने नेपाली राजनीतिमा दीर्घकालीन परिवर्तन सम्भव छ। तर यो अवसर पनि विगतकै शैलीमा खेर गयो भने आगामी निर्वाचनमा जनताले त्यही कठोर फैसला रास्वपामाथि पनि लागु गर्न सक्नेछन्।

प्रत्यक्ष र समानुपातिक दुवै जोड्दा ठूलो बहुमत प्राप्त हुने देखिन्छ। यस्तो अवस्थामा एकलरूपमा सरकार गठन गर्ने परिस्थिति बन्न सक्छ। यसले देशलाई धेरै वर्षपछि स्थिर सरकार दिने अवसर सिर्जना गरेको छ । तर स्थिरतामात्र पर्याप्त हुँदैन। स्थिरतासँगै परिणाममुखी शासन पनि आवश्यक हुन्छ।

अब सरकारको नेतृत्व गर्ने अवस्थामा पुगेको रास्वपाले सबैभन्दा पहिले देखाउनुपर्ने सुशासन र कार्यक्षमता हो । सरकार गठन गर्दा राजनीतिक भागबन्डाको आधारमा होइन योग्यता र दक्षताको आधारमा मन्त्री नियुक्त गर्ने परम्परा सुरु गर्नुपर्नेछ। विशेषज्ञता भएका व्यक्तिहरूलाई जिम्मेवारी दिइयो भने मन्त्रालयहरू राजनीतिक कार्यालय होइन नीतिगत र व्यावसायिक संस्थाका रूपमा विकसित हुन सक्छन्।

त्यससँगै प्रधानमन्त्रीले मन्त्रीहरूलाई स्पष्ट लक्ष्य दिनुपर्नेछ । प्रत्येक मन्त्रालयले के कति समयभित्र के उपलब्धि हासिल गर्ने भन्ने स्पष्ट कार्ययोजना बनाइनुपर्छ। हरेक महिनामा कार्यप्रगति मूल्यांकन गर्ने संस्कार बसाल्न सके सरकारको कामकाजमा उत्तरदायित्व र अनुशासन दुवै स्थापित हुन सक्छ। कसैले जिम्मेवारी पूरा गर्न सकेन भने पदबाट हटाउने साहस पनि नेतृत्वले देखाउनुपर्नेछ।

सुशासन स्थापना गर्नु अर्को ठूलो चुनौती हुनेछ । नेपालमा भ्रष्टाचार संस्कारजस्तो देखिने अवस्था छ। यस परम्परालाई तोड्न सरकार कठोर र निष्पक्ष हुनुपर्छ। मन्त्री, सचिव वा कुनै पनि पदमा बसेको व्यक्तिले भ्रष्टाचार गरेमा तत्काल कानुनी कारबाही हुने वातावरण बनाउनु अत्यावश्यक छ । यसले राज्यप्रतिको जनविश्वास पुनःस्थापित गर्न मद्दत पुऱ्याउँछ।

त्यस्तै, विधिको शासन स्थापित गर्नु पनि अत्यन्त महत्त्वपूर्ण छ। कानुन सबैका लागि समान हो भन्ने सन्देश व्यवहारमै देखिनुपर्छ। राजनीतिक पहुँचका आधारमा कसैले उन्मुक्ति पाउने प्रवृत्ति समाप्त गर्न सकेमात्र लोकतन्त्र सार्थक हुन्छ।

राज्य संरचनाको पुनरावलोकन पनि अबको सरकारको प्रमुख एजेन्डा हुनुपर्छ। नेपालमा अनावश्यक सरकारी संरचना र निकायहरू अत्यधिक बढेका छन् । अध्ययन टोली गठन गरी आवश्यक र अनावश्यक संरचनाको स्पष्ट मूल्यांकन गरेर अनावश्यक निकाय खारेज गर्न सके राज्यको खर्च उल्लेखनीयरूपमा घटाउन सकिन्छ। प्रदेश संरचनाका विषयमा पनि पुनर्विचार गर्नुपर्ने देखिन्छ।

नेपालको दीर्घकालीन हितका लागि स्पष्ट आर्थिक र परराष्ट्र नीति पनि आवश्यक छ । हरेक सरकार फेरिँदा नीति बदलिने प्रवृत्तिले देशको विकास यात्रालाई अवरुद्ध गरिरहेको छ। त्यसैले दलभन्दा माथि उठेर राष्ट्रहितमा आधारित स्थायी आर्थिक र कूटनीतिक नीति निर्माण गर्न सकियो भने नेपालले दीर्घकालीन स्थिरता पाउन सक्छ।

कृषि क्षेत्रलाई पुनर्जीवित गर्नु अहिलेको सबैभन्दा महत्त्वपूर्ण आवश्यकता हो। उर्बर भूमिमा भइरहेको अनियन्त्रित प्लटिङले कृषि उत्पादनलाई गम्भीररूपमा प्रभावित गरिरहेको छ । कृषि, आवास र औद्योगिक क्षेत्रको स्पष्ट भूवर्गीकरण गरी उर्बर जमिनमा प्लटिङ रोक्न सकियो भने देशको खाद्य सुरक्षा बलियो बन्न सक्छ।

कृषि उत्पादन वृद्धि गरेर खाद्यान्न आयातलाई प्रतिस्थापन गर्नु अर्को महत्वपूर्ण कदम हुनेछ। अहिले नेपालले खाद्यान्न आयातमा वार्षिकरूपमा अर्बौं रुपैयाँ विदेश पठाइरहेको छ । उत्पादन बढाएर स्वदेशमै पर्याप्त खाद्यान्न उपलब्ध गराउन सकियो भने त्यो पैसा देशभित्रै रहन्छ र अर्थतन्त्र बलियो हुन्छ।

कृषिमा आधारित उद्योगको विकासले रोजगारी सिर्जना गर्न पनि ठूलो भूमिका खेल्न सक्छ । कृषिजन्य उत्पादनलाई प्रशोधन गर्ने उद्योगहरू स्थापना भएमा किसानले उचित मूल्य पाउँछन् र ग्रामीण अर्थतन्त्र चलायमान हुन्छ।

नेपालको अर्थतन्त्रमा अर्को ठूलो समस्या बिचौलिया संस्कृतिको हो। उत्पादनदेखि बजारसम्म हरेक क्षेत्रमा बिचौलियाको प्रभुत्वले उत्पादक र उपभोक्ता दुवैलाई मारमा पारिरहेको छ। सरकारले नीतिगत सुधार गरेर यो प्रणाली अन्त्य गर्न सके अर्थतन्त्रको आधारभूत संरचनामा नै परिवर्तन आउन सक्छ।

रोजगारी सिर्जनाका लागि प्राविधिक शिक्षालाई प्राथमिकता दिनुपर्ने आवश्यकता पनि उत्तिकै महत्वपूर्ण छ। युवालाई बजारसँग सम्बन्धित सीप प्रदान गर्न सकियो भने उनीहरू विदेश जान बाध्य हुने अवस्था कम हुन्छ। त्यसैगरी विदेशबाट फर्किएका युवाको ज्ञान, सीप र अनुभवलाई स्वदेशमै प्रयोग गर्ने वातावरण बनाउन सके देशको विकासमा नयाँ ऊर्जा थपिन्छ।

विकास निर्माणको क्षेत्रमा देखिएको ढिलासुस्ती र ठेक्का प्रणालीको कमजोरी पनि सुधार गर्नुपर्ने विषय हो । निर्माण व्यवसायीले सम्झौताअनुसार काम नगरेमा तत्काल ठेक्का रद्द गर्ने कडाइ अपनाइयो भने विकास परियोजनाहरू समयमै सम्पन्न हुन सक्छन् । विकास निर्माणलाई तीन सिफ्टमा सञ्चालन गरेर ढिलाइ घटाउने र असारे विकासको संस्कार समाप्त गर्ने कदम पनि आवश्यक छ।

नेपालमा बढ्दो बसाइँसराइ अर्को गम्भीर चुनौती हो । पहाडबाट तराई र गाउँबाट सहरतर्फ भइरहेको पलायन रोक्न गाउँमै गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्नेछ। जब गाउँमा आधारभूत सेवाहरू सहज हुन्छन् तब मानिसहरू आफ्नो ठाउँमै बस्न प्रेरित हुन्छन्।

रोजगारी सिर्जनाका लागि कृषि, पर्यटन र ऊर्जा क्षेत्रलाई रणनीतिकरूपमा विकास गर्न सकिन्छ । यी तीन क्षेत्र नेपालका प्राकृतिक रूपमा बलिया क्षेत्र हुन् । सही नीति र लगानी भयो भने यी क्षेत्रले लाखौं रोजगारी सिर्जना गर्न सक्छन्।

विदेशी लगानी आकर्षित गर्न पनि सरकारले स्पष्ट र विश्वासिलो वातावरण तयार गर्नुपर्नेछ। उद्योग व्यवसाय सुरु गर्न चाहनेहरूका लागि एकद्वार प्रणाली लागु गर्न सकियो भने प्रशासनिक झन्झट कम हुन्छ र लगानीकर्ताको आत्मविश्वास बढ्छ।

सामाजिक सुरक्षा प्रणालीलाई पनि पुनर्संरचना गर्नु आवश्यक छ । अहिले उपलब्ध गराइँदै आएको भत्ता प्रणाली सबैका लागि समान छ जसमा धनीले पनि सुविधा पाइरहेको छ । वर्गीय आधारमा सामाजिक सुरक्षा व्यवस्था बनाइयो भने राज्यको स्रोत वास्तविक गरिब र आवश्यकतामा परेकाहरूमा केन्द्रित गर्न सकिन्छ।

सूचना प्रविधि क्षेत्रलाई उद्योगका रूपमा विकास गर्नु नेपालका लागि ठूलो अवसर हो । विश्व डिजिटल अर्थतन्त्रतर्फ अघि बढिरहेको अवस्थामा आइटी उद्योगलाई प्रोत्साहन दिएर ठूलो संख्यामा रोजगारी सिर्जना गर्न सकिन्छ र विदेशी मुद्रा पनि भित्र्याउन सकिन्छ।

परराष्ट्र नीतिको सन्दर्भमा नेपालले सन्तुलित कूटनीति अपनाउनुपर्नेछ । आर्थिकरूपमा तीव्र प्रतिस्पर्धामा रहेका भारत र चीनबिचमा अवस्थित नेपालले दुवैसँग सन्तुलित सम्बन्ध कायम गर्नुपर्छ। त्यसैगरी संयुक्त राज्य अमेरिकालगायत अन्य शक्तिशाली राष्ट्रहरूसँग पनि सन्तुलित र व्यावहारिक सम्बन्ध राख्दै राष्ट्रिय हितलाई प्राथमिकता दिनुपर्नेछ।

यसपटकको निर्वाचनले एउटा स्पष्ट सन्देश दिएको छ - जनताको धैर्यको सीमा हुन्छ। राजनीतिक दलहरू जनअपेक्षाबाट टाढा गए भने मतदाताले परिवर्तनको बाटो रोज्छन्।

रास्वपाको विजय एउटा राजनीतिक उपलब्धि मात्र होइन यो जनताले दिएको ऐतिहासिक अवसर हो। यो अवसरलाई सुशासन, पारदर्शिता र परिणाममुखी काममार्फत् सार्थक बनाउन सकियो भने नेपालको राजनीतिक संस्कृतिमा नयाँ अध्याय सुरु हुनेछ । तर पुरानै प्रवृत्ति दोहोरियो भने जनताको फैसला फेरि पनि कठोर हुन सक्छ। किनभने यो निर्वाचनले एउटा कुरा स्पष्ट गरिसकेको छ - अन्तिम शक्ति जनताकै हातमा हुन्छ।

बाह्रखरीबाट

# नेप्से परिसूचक ३२ अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार ३२ दशमलव ०८ अङ्कले घटेर दुई हजार ८४३ दशमलव ३५ को बिन्दुमा कायम भएको छ। यो एक दशमलव ११ प्रतिशतको गिरावट हो।

३२९ कम्पनीको पाँच करोड २७ लाख ११ हजार ३५३ कित्ता शेयर दुई करोड पाँच लाख ६११ पटक खरिद-बिक्री हुँदा रु २१ अर्ब ५० करोड २० लाख ३१ हजार ३२० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा जीवन बिमा शून्य दशमलव ५१, म्युचुअल फन्ड एक दशमलव ३४ र निर्जीवन बिमा शून्य दशमलव ४७ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ। बैङ्किङ एक दशमलव २७, विकास बैङ्क एक दशमलव १६, वित्त दुई दशमलव ०६, होटल तथा पर्यटन एक दशमलव ८५, जलविद्युत् एक दशमलव ४५ र लगानी समूह एक दशमलव ४८ प्रतिशतले घटेको छ । उत्पादन तथा प्रशोधन एक दशमलव ८२, लघुवित्त शून्य दशमलव १७, व्यापार दुई दशमलव १२ र अन्य समूह एक दशमलव ४० प्रतिशतले घटेको छ।

रिलायन्स स्पिनिङ मिल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने हिमस्टार ऊर्जा कम्पनी लिमिटेडको शेयर मूल्य छ दशमलव ३६ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै डादी ग्रुप पावर लिमिटेडको रु एक अर्ब नौ करोड ७३ लाख ५५ हजार १५७ बराबरको २४ लाख नौ हजार ९८९ कित्ता शेयर कारोबार भएको छ।

# राम्रो निद्राले घटाउँछ नराम्रा क्षणको यादलाई

निद्राले हाम्रो शरीरको विभिन्न पक्षहरूको स्वास्थ्य जोगाउन महत्त्वपूर्ण भूमिका खेल्ने गरेको स्पष्ट हुँदै गएको छ, जसमा मस्तिष्क स्वास्थ्य र मानसिक स्वास्थ्य पनि पर्दछ।

युनाइटेड किङ्डमको युनिभर्सिटी अफ यर्क र युनिभर्सिटी अफ इस्ट एङ्ग्लियाले गरेको नयाँ अध्ययन - जसको निष्कर्ष पि.एन.ए.एस जर्नलमा प्रकाशित छ - निद्रा, मस्तिष्क र मानसिक स्वास्थ्यबिचको सम्बन्धको झनै रोचक पक्षमा केन्द्रित छ। यस अध्ययनले निद्राको अभावले मस्तिष्कको अवाञ्छित सम्झनाहरू दबाउने क्षमतालाई असर गर्ने देखाएको छ, जसले चिन्ता, डिप्रेसन, र पोष्ट-ट्रअमेटिक स्ट्रेस डिसअर्डर जस्ता मानसिक स्वास्थ्य समस्यामा योगदान दिन सक्छ।

**अध्ययनको उद्देश्य**

यस अध्ययनका सहलेखक तथा युनिभर्सिटी अफ इस्ट एङ्ग्लियाका मनोविज्ञानका प्राध्यापक मार्कस ह्यारिङ्टन, पीएचडी का अनुसार, यो अनुसन्धानले कतिपय मानिसहरूले जत्ती नै ठूलो आघातजन्य घटना भए पनि सहज रूपमा लिन्छन् भने तर कतिले गम्भीर मानसिक समस्याहरू भोग्ने गर्दछन् भन्ने प्रश्नको उत्तर खोजेको छ।

उनी भन्छन्-'हामीमध्ये धेरैले आफ्नो जीवनमा कुनै न कुनै समय आघातजन्य अनुभव गर्छौं, तर किन थोरै मात्र व्यक्तिहरू पोष्ट-ट्रअमेटिक स्ट्रेस डिसअर्डरबाट ग्रस्त हुन्छन् ?'

एक प्रमुख कारक निद्राको अभाव रहेको भन्दै उनी थप्छन्-'हामीलाई थाहा छ कि आघातपछि कमजोर निद्राले पोष्ट-ट्रअमेटिक स्ट्रेस डिसअर्डरको सम्भावना बढाउँछ। तर निद्रा गुमाउँदा कुन तत्वले मानिसलाई पोष्ट-ट्रअमेटिक स्ट्रेस डिसअर्डर तथा अन्य मानसिक स्वास्थ्य समस्याप्रति बढी संवेदनशील बनाउँछ भन्ने अझै स्पष्ट छैन।'

**अध्ययनको तरिका**

अध्ययनमा १८ देखि ३० वर्ष उमेर समूहका ८५ जना स्वस्थ वयस्कहरूलाई सहभागी गराइएको थियो जसलाई दुई समूहमा बाँडिएको थियोः

४३ जनालाई रातभरि जागै बस्न लगाइयो भने बाँकीलाई राम्रो निद्रा पर्ने गरी सुत्न दिइयो।

यसपछि, सहभागीहरूलाई स्मृति नियन्त्रण गर्ने क्षमता जाँच्न गरियो, जहाँ विभिन्न तस्बिरहरू (जसमा केही नकारात्मक दृश्यहरू थिए, जस्तैः कार दुर्घटना) देखाइयो । रातको निद्रा पुराएका र निद्रा नपुराएका दुवै समूहहरुलाई ती दृश्यहरू सम्झन वा बिर्सन निर्देशन दिइयो । फंसनल म्यागनेटिक रेजोनेन्स इमेजिङ प्रविधिबाट उनीहरूको मस्तिष्क गतिविधि परीक्षण गरियो।

**अध्ययनको निष्कर्ष**

१. निद्राको अभावले मस्तिष्कलाई नराम्रा सम्झनाहरू दबाउन कठिन बनाउँछः

निद्रा नपुगेका व्यक्तिहरूमा दायाँ डोर्सोल्याटेरल प्रिफ्रन्टल कोर्टेक्स भन्ने मस्तिष्क क्षेत्र कम सक्रिय देखियो, जसले भावना नियन्त्रण र अवाञ्छित सोचहरू रोक्न मद्दत गर्छ । राम्रो निद्रा पुराएका व्यक्तिहरूमा भने यो क्षेत्र बढी सक्रिय थियो, जसले उनीहरूलाई नराम्रा सम्झनाहरू नियन्त्रण गर्न सजिलो बनायो।

२. आर.इ.एम निद्राले मस्तिष्कलाई पुनर्स्थापना गर्छः

अध्ययन अनुसार, आर.इ.एम निद्रा बढी लिएका व्यक्तिहरूको मस्तिष्कले अवाञ्छित सम्झनाहरू नियन्त्रण गर्न राम्रो प्रतिक्रिया देखायो।

आर.इ.एम निद्रामा हुँदा हाम्रो मस्तिष्कले दिनभरि भएका भावनात्मक घटनाहरूलाई प्रक्रियाकरण गर्छ।

**मानसिक स्वास्थ्यमा प्रभाव**

अध्ययनले देखाएको छ कि निद्राको कमीले अवाञ्छित सम्झनाहरूलाई हटाउन नसक्ने स्थितिमा पुऱ्याउन सक्छ, जसले चिन्ता, डिप्रेसन र पोष्ट-ट्रअमेटिक स्ट्रेस डिसअर्डर जस्ता समस्या निम्त्याउन सक्छ। मनोरोग विशेषज्ञ प्रोफेसर क्यारोलिन होर्टनका अनुसार, 'यो अध्ययन निकै महत्वपूर्ण छ। यसले निद्रा र मानसिक स्वास्थ्यबिचको सम्बन्ध बुझ्न नयाँ दिशामा अनुसन्धानको ढोका खोल्नेछ।' निद्राको सुधारले मानसिक स्वास्थ्य सुधार गर्न सक्छ।

विशेषज्ञहरूका अनुसार, गहिरो निद्राको पुनर्स्थापना गर्न सकेमा मानसिक स्वास्थ्य सुधार हुन सक्छ । डाक्टर ह्यारिङ्टन भन्छन्-'अनुसन्धानकर्ताहरूले हाल आर.इ.एम निद्रा सुधार्ने उपायहरू विकास गरिरहेका छन्, जसमा ध्वनि प्रविधिहरूको प्रयोग गरी गहिरो निद्रा ल्याउने प्रयास भइरहेको छ।' तर अहिलेसम्म यी अनुसन्धान सुरुवाती चरणमै छन्, त्यसैले नियमित राम्ररी निद्रा पुऱ्याउनु नै मानसिक स्वास्थ्यका लागि सबैभन्दा महत्त्वपूर्ण उपाय हो।

**निष्कर्ष**

यो अध्ययनले निद्राको गुणस्तर मानसिक स्वास्थ्यको लागि महत्वपूर्ण रहेको देखाएको छ । राम्रो निद्राले मस्तिष्कलाई नराम्रा सम्झनाहरू दबाउन सहायता गर्छ, जसले पोष्ट-ट्रअमेटिक स्ट्रेस डिसअर्डर, डिप्रेसन र चिन्ता कम गर्न मद्दत गर्न सक्छ।

अतः नियमित निद्रा पूरा गर्ने, राम्रो निद्राका लागि उचित वातावरण सिर्जना गर्ने र आर.इ.एम निद्रालाई बढावा दिने उपायहरू अपनाउने महत्वपूर्ण रहेको विशेषज्ञहरू बताउँछन्।

स्वास्थ्य खबरबाट

**कम्युनिष्टहरू...**

अझ प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणाम हेर्दा यी दुई मुख्य कम्युनिष्ट घटकबिचको कलह गम्भीर रुपमा प्रतिविम्बित छन् । इलाम १ त एउटा सामान्य उदाहरणमात्रै हो ।

कम्युनिष्ट आन्दोलनको एउटै स्कुलिङबाट विकास भएका नेताहरू यसपटक फरक-फरक पार्टीका उम्मेदवार भइदिँदा धेरै ठाउँमा क्षति पुगेको छ । त्यसमा इलाम १ पनि एक हो । त्यसमाथि एमाले स्कुलिङका नेताहरू नेकपाबाट उम्मदेवार बन्दा एमालेले केही ठाउँमा हार व्यहोरेको छ ।

तेस्रो भएर हार्ने कागते एमालेकै उम्मेदवार भए । पाँचौं भएर हार्ने राई २०७४ मा सूर्योदय नगरपालिकामा एमालेबाट र २०७९ मा माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीबाट मेयर जितेका थिए । माओवादी केन्द्रसहितको एकताबाट निर्मित नेकपा भएपछि संघीय सांसदको उम्मेदवारी पाए ।

आफ्नै पूर्वसहकर्मीसँग प्रतिस्पर्धा गर्दा एक सहकर्मी तेस्रो र अर्का पाँचौं भए । यतिले मात्रै त केही बिग्रिएको थिएन । यी दुबैले पाएको मत जोडेर त्यसमा ५ हजार नै क्षति हुन्थ्यो भने पनि इलाम १ कम्युनिष्टको पोल्टाबाट कतै नजाने देखिन्छ ।

हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृतिबाट उम्मेदवार भई निकटतम प्रतिद्वन्द्वी भएका विनोद नेम्वाङ लिम्बू नेकपाबाट टिकट नपाएपछि उक्त पार्टीमा लागेका हुन् । नेकपाले पुरानो माओवादीलाई टिकट नदिएर माधव नेपाल समूहलाई टिकट दिएबापत उनले विद्रोह गरेका थिए ।

यद्यपि, उनले पाएको मत उनको वा पार्टीको लोकप्रियताले हैन, हर्क साम्पाङको लोकप्रियताको मत थियो । तर, कम्युनिष्ट स्कुलिङका यी तीन नेता तीन फरक फरक पार्टीका उम्मेदवार हुँदा कस्तो क्षति भयो भन्नका लागि इलाम १ एउटा 'टेष्ट केस' बन्छ । त्यस्ता 'टेष्ट केस' अन्यत्र पनि छन् ।

तेह्रथुमको मतगणनामा एमालेका भानुभक्त ढकालले प्रारम्भदेखि गणना अवधिको लामो समयसम्म अग्रता लिए । अन्तिम परिणाममा उनले नेपाली कांग्रेसका सन्तोष सुब्बासँग ८७९ को मतान्तरमा पराजय व्यहोरे । त्यहाँ नेकपाका उम्मेदवार रनध्वज लिम्बूले ९१९ मत पाएर पाँचौं भए । ढकालको १०६८२ र लिम्बुको ९१९ मत जोड्दा ११६० हुन्छ ।जबकी ढकालले ८७९ मतमा हार्नुपरेको थियो ।

एउटैमात्र हैन, एमालेकै स्कुलिङका नेताबिच भिडन्तको रोचक दृष्टान्त छ- भोजपुरमा । श्रम संस्कृति पार्टीका तर्फबाट उम्मेदवार भएर ध्रुवराज राईले जिते । उनका निकटतम प्रतिद्वन्द्वी एमालेका शेरधन राई भए । मत परिणाममा पाँचौं भए, नेकपाका अजम्बर राई काङमाङ । जित्ने राई, निकटतम प्रतिद्वन्द्वी राई र पाँचौं हुने काङमाङ- यी तीनैजना एमाले स्कुलिङबाट विकास भएका हुन् ।

त्यसमाथि जित्ने राई त निर्वाचनको पूर्वसन्ध्यामा मात्रै एमाले परित्याग गरी उक्त पार्टीमा सामेल भएका हुन् । उनी गैरकम्युनिष्ट घटकका उम्मेदवार थिए । यसकारण पनि वामपन्थीबिचको तालमेलमा अटाउने सम्भावना थिएन । तर, यदि वामपन्थीहरु मिलेर चुनाव लगेका थिए भने कि शेरधन कि अजम्बर उम्मेदवार हुन्थे । जित्ने ध्रुवराज राईले १६६६३ मत पाएका छन् । निकटतम प्रतिद्वन्द्वी शेरधन राईले १४७५० र पाँचौं हुने अजम्बर राईले ५७२८ पाए ।

शेरधन र अजम्बरको मत जोड्दा २०४७८ हुन्छ । मिलेर चुनाव लड्दा उनीहरुका व्यक्तिगत मत तलमाथि हुन्थे भने पनि १६६६३ मतले जित्नेलाई हराउन उनीहरू काफी हुन्थे ।

सोलुखुम्बुमा नेपाली कांग्रेसका प्रकाशसिंह कार्कीले १३१६६ मतका साथ जित निकाले । निकटतम प्रतिद्वन्द्वी नेकपाका असिम राईले ९४१४ मत पाए । तेस्रो हुने एमालेकी कल्पना राईले ८२२८ मत ल्याइन् । जबकी नेकपाका राईले ३७५२ मतान्तरमा हारे । यदि एमालेकी राईले पाएको ८२२८ मतबाट ४००० मात्रै पाउन सकेको भए पनि त्यो जित वामपन्थीको हातबाट कतै जाने थिएन ।

कम्युनिष्टबिचको प्रतिस्पर्धाको अर्को रोचक निर्वाचन क्षेत्र हो, खोटाङ । त्यहाँ श्रम संस्कृति पार्टीका आरेन राईले १६६९२ मतका साथ जिते । निकटतम प्रतिद्वन्द्वी एमालेका देवविक्रम राईले १२७१४ मत पाए । देवविक्रमको पराजय ३९७८ को अन्तरमा भयो । त्यहाँ नेकपाका उम्मेदवार हरि रोकाले ९४४३ मत पाएका छन् । पराजित दुई कम्युनिष्टका मत मिलाउँदा २२१५७ हुन्छ ।

एमाले उम्मेदवार राई र नेकपा उम्मेदवार रोका एमाले स्कुलिङका हुन् । राईका गुरु हुन् रोका । उनीहरु दुबै २०५४ को एमाले विभाजनमा नेकपा मालेमा थिए । २०५६ को आम निर्वाचनमा पनि रोका तत्कालीन मालेको चुनाव चिह्न ताराबाटै उम्मेदवार हुँदा चुनावी कमाण्डर नै राई थिए । अहिले यिनै गुरुचेला भिँड्दा जित अर्कैको हातमा परेको छ ।

ओखलढुंगामा पनि एमाले स्कुलिङ मात्रै हैन,एक महिना अघिसम्मका एकै पार्टीका दुई पुस्ताका नेताबिच नै फरक-फरक पार्टीबाट प्रतिस्पर्धा भयो । परिणाम रास्वपाको हातमा गयो, त्यो पनि ५ मतको अन्तरमा । रास्वपाका विश्वराज पोखरेलले १३९५३ मतमा जित निकाल्दा ५ को मतान्तरमा नेपाली कांग्रेसका कुमार लुइँटेलले पराजय भोगे । लुइँटेलको मत १३९४८ थियो ।

तेस्रो हुने नेकपाका अम्विरबाबु गुरुङले ११२९६ र एमालेकी अस्मिता थापाले १०७२० मत पाइन् । एमालेले थापालाई उम्मेदवार बनाएपछि असन्तुष्ट भएर एमाले परित्याग गरेका गुरुङ नेकपाका उम्मेदवार भएका हुन् । यदि वामपन्थीबिच मिल्ती भएको थियो भने ओखलढुंगा कम्युनिष्टको पोल्टाबाट कतै जाने थिएन ।

भनिन्छ, गुरुङले एमालेकै केही प्रतिबद्ध मत पनि लगेका छन् । त्यसैले एमालेले गुरुङलाई नै उम्मेदवार बनाएको थियो भने पनि त्यहाँको जित जोगिने चर्चा स्थानीय एमाले नेता-कार्यकर्ताबीच छ । वा, 'एकपटक चेलीलाई अगाडि सारौं, अर्कोपटक म' भनेर गुरुङले चित्त बुझाइदिएका थिए भने एमालेले त्यहाँ जित निकाल्ने अनुमान गरिन्छ ।

कम्युनिष्ट नमिल्दाको अर्को दुःखद् परिणाम छ, सिन्धुली १ मा । त्यहाँ एमालेले रास्वपासँग ७८४ को मतान्तरमा पराजय व्यहोर्यो । क्षेत्र नं. १ मा जित्ने रास्वपाका धनेन्द्र कार्कीले १६६५९ मत पाए । निकटतम प्रतिद्वन्द्वी एमालेका प्रदीप कटुवालले १५८७५ ल्याए । चौथो हुने नेकपाका डेकेन्द्रप्रसाद सुवेदीले ४७०८ मत पाएका छन् ।

कटुवाल र सुवेदी दुबै एमाले स्कुलिङका हुन् । सुवेदी पेशाले अधिवक्ता हुन् । उनी २०७८ को एमाले विभाजनमा माधव नेपाल समूहमा आबद्ध भएका थिए । कम्युनिष्ट कलहको अर्को प्रतिविम्बन सिन्धुलीको क्षेत्र नं. २ मा पनि छर्लङ्ग हुन्छ । तीन मुख्य कम्युनिष्ट नेता तीनतिरबाट उम्मेदवार हुँदा परिणाम रास्वपाको हातमा गयो । रास्वपाका आशिष गजुरेलले १७९४० मत पाएर चुनाव जिते ।

नेकपाका राजन (लेखनाथ) दाहालले १४७८० मत पाए । त्यहींबाट एमालेका मनोजजंग थापा तेस्रो हुँदा ११६०६ मत पाएका छन् । नेकपाको तत्कालीन माओवादीभित्रको कलहका कारण वरिष्ठ पत्रकारसमेत रहेका नेता महेश्वर दाहाल स्वतन्त्र उम्मेदवार भए । उनले ५८६ मत पाएका छन् ।

भक्तपुर १ मा रास्वपाका रुकेश रञ्जितले पहिलोपटक नेमकिपाको किल्ला ताडेका छन् । त्यहाँ ६ वटा कम्युनिष्ट घटकका आ-आफ्ना उम्मेदवार थिए । ती सबै मिलेको भए रास्वपाले नेमकिपाको किल्ला तोड्ने थिएन ।

भक्तपुर १ मा नेमकिपा उम्मेदवार प्रेम सुवालले २८१४७ मत ल्याउँदा रास्वपाका रुकेश रञ्जितले ३३४३६ मतका साथ चुनाव जिते ।

त्यहाँ एमालेका सोमप्रसाद मिश्रले ३७२१, नेकपाका हरिराज लवजुले ११७७, जनमोर्चाका विष्णुहरि न्हिसुतुले ३१०, प्रलोपाका रवि खाइजुले ९५ र नेकपा संयुक्तका दामोदर काफ्लेले २६ मत पाएका थिए । यो सबै मत जोड्दा ३३४७६ मत हुन्थ्यो ।

वामपन्थीबिच मेल हुन्थ्यो भने बाग्लुङ २ मा जित निस्किने हिसाब देखिन्छ । रास्वपा रोकिन्थ्यो । त्यहाँ रास्वपाका सोम शर्माले १२६४७ मतले जितेका छन् । निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका टेकराज पौडेलले ११८६८ मत पाए । तेस्रो हुने नेकपाका ज्ञामनाथ गैरेले १०७०९ र एमालेकी मञ्जु शर्माले ७८६४ मत पाइन् । नेकपाका गैरे र एमालेकी शर्माको मत जोड्दा बाग्लुङ २ अरुले हात पार्ने जिल्ला देखिँदैन ।

गुल्मीमा एमाले उपाध्यक्ष गोकर्णराज विष्ट रास्वपाका गोविन्द पन्थीसँग ५६१ को मतान्तरमा पराजित भए । उक्त क्षेत्रमा नेपाली कम्युनिष्ट पार्टीबाट उम्मेदवारी दिएका श्रीराम महत विष्टकै चेला थिए । उनले ३०८९ मत पाए । विष्टसँगै महत २०७७ सालको संसद विघटनपछि माधव-प्रचण्ड समूहमा लागेका थिए । विष्टहरु १० बुँदे सम्झौतासहित एमालेमा फर्किंदा महत माधव नेपाल समूहमै थिए । अहिले नेकपा उम्मेदवार भएर उनलाई हराउन 'योगदान' गरे ।

प्यूठानका तीन प्रभावशाली कम्युनिष्ट घटक नमिल्दा त्यहाँबाट रास्वपाले जित निकालेको छ । रास्वपाका सुशान्त वैदिकले २७४६९ मतका साथ चुनाव जित्दा १८३३८ मतका साथ उनका मुख्य प्रतिद्वन्द्वी नेपाली कांग्रेसका डा.गोविन्दराज पोखरेल भए । एमालेका सूर्यबहादुर थापा क्षेत्रीले १६७१० मत पाए ।

प्यूठान एमाले, जनमोर्चा र नेकपाको उत्तिकै प्रभाव भएको जिल्ला हो । तर, तीनै पार्टीले आ-आफ्ना उम्मेदवारी दिएका थिए । तीनैजना उम्मेदवारको मत जोड्दा प्यूठानको राजनीतिक विरासत अरुले हत्याउने सम्भावना थिएन ।

त्यहाँ नेकपाका कृष्णध्वज खड्काले ९०७४ र राष्ट्रिय जनमोर्चाका तिलकबहादुर जिसीले ७६६४ मत पाएका छन् । यी तीन घटकको मत जोड्दा ३३४४८ हुन्छ ।

मुगुमा पनि वामपन्थीबिचको बेमेलको फाइदा नेपाली कांग्रेसले उठायो । कांग्रेस उम्मेदवार खड्ग शाहीले ७९१४ मतका साथ चुनाव जित्दा एमालेका पूर्णबहादुर रोकायाले ६७१८ मत पाए । नेकपाका चन्द्रबहादुर शाहीले ५५५८ मत पाएका छन् ।

जुम्लामा एमाले र नेकपाबिच मेल नहुँदा राप्रपाका ज्ञानेन्द्र शाहीले चुनाव जितेका हुन् । शाहीले १४८१६ मतका साथ चुनाव जित्दा नेकपाका नरेश भण्डारीले ११६३५ मत पाएका छन् । एमाले उम्मेदवार शान्तिलाल महतले ४५१८ मत पाएका छन् । भण्डारी र महतको मत जोड्दा १६१५३ हुन्छ ।

हुम्लामा वाम तालमेल भएको भए नेपाली कांग्रेसको जित रोकिन्थ्यो । कांग्रेसका जयपति रोकायाले ८७९७ मतले चुनाव जित्दा नेकपाका दीपेन्द्र रोकायाले १५५४ को मतान्तरमा चुनवामा पराजय व्यहोरे । उनले ७२४३ मत पाए । त्यहींबाट एमालेका दल फडेराले ४३३१ मत पाएका छन् । उक्त जिल्लामा प्रलोपाका जटिल कार्कीले १२८ र विप्लव नेतृत्वको माओवादीका कुम्भ बुढाले १२८ मत पाएका छन् ।

कम्युनिष्ट बेमेलको अर्को क्षति छ, जाजरकोटमा । नेपाली कांग्रेसका खडकबहादुर बुढाले २०९४२ मतका साथ चुनाव जितेका छन् । तर, त्यहाँ नेकपाका शक्तिबहादुर बस्नेतले १७४०७ र एमालेका डम्बरबहादुर सिंहले १६८८३ मत पाएका छन् । यी दुईको मत जोड्दा ३४२९० हुन्छ ।

रामेछापमा रास्वपाका कृष्णहरि बुढाथोकीले २४८०८ मतले चुनाव जित्दा एमालेका माधव ढुंगेलले १७६०९ र नेकपाका श्याम श्रेष्ठले १३३५४ मत पाएका छन् । दुई वामको मत जोड्दा ३०९६३ हुन्थ्यो ।

वामपन्थी मिल्दा बर्दिया २ मा पनि रास्वपाको जित रोकिन्थ्यो । त्यहाँबाट जित्ने उम्मेदवार श्रीधर पोखरेलले २९६७८ मत ल्याउँदा नेकपाका सुरेश पन्थ १९१८० पाएर तेस्रो भए । एमालेकी विमला विकले १०७७२ मत ल्याइन् । यी दुईको मत जोड्दा २९९५२ हुन्छ । वामपन्थी मिल्दा त्यहाँ साँघुरो मतान्तरमा जित-हार हुने देखिन्छ ।

नेपाली कांग्रेसले जित निकालेको दैलेख १ मा एमाले स्कुलिङका दुई नेताबीचको प्रतिस्पर्धा प्रभावित भएको छ । त्यहाँ कांग्रेसकी बासना थापाले १२३७२ मतका साथ चुनाव जितिन् । जबकी, एमालेका रवीन्द्रराज शर्माले ११७९६ र नेकपाका अम्मरबहादुर थापाले ४२५६ मत पाएका छन् । शर्मा र थापा दुबै एमाले स्कुलिङका हुन् ।

थापा २०७४ को प्रदेशसभा निर्वाचनमा एमालेबाट प्रदेशसभा सदस्य निर्वाचित भएका थिए । २०७९ मा दैलेख १ बाटै तत्कालीन एकीकृत समाजवादीबाट प्रतिनिधिसभा सदस्यको चुनाव जितेका हुन् ।

अछाम १ मा नेकपाका उम्मेदवार भीम रावलको पराजयसँग एमाले उम्मेदवार दीपकबहादुर साउँदको मतको प्रत्यक्ष सम्बन्ध छ । रावल एमालेबाट नेकपा र साउँदा तत्कालीन माओवादीबाट एमाले भएर चुनावमा उठेका थिए । यी दुईले प्रतिस्पर्धा गर्दा नेपाली कांग्रेसका भरतकुमार स्वाँरले रावललाई ५२६ को मतान्तरमा चुनाव हराए । स्वाँरले १०७५९ मत पाए । रावलले १०२३३ र एमाले उम्मेदवार साउँदले ७३८९ मत पाए ।

बैतडीमा पनि एमाले र पूर्वएमालेबीच प्रतिस्पर्धा हुँदा रास्वपाले जित निकालेको हो ।

**विवरणमा वामपन्थी मतको क्षति**

**नेपाली कांग्रेसले जितेका क्षेत्र**

१. **इलाम १**
नेपाली कांग्रेस १४५४३,एमाले ११९६६, नेकपा७६६५,नेमकिपा ४४ ।

२. **तेह्रथुम**
नेपाली कांग्रेस ११५६१,एमाले १०६८२,नेकपा ९१९,माओवादी (विप्लव) ७१ ।

३ . **सोलुखुम्बु**
नेपाली कांग्रेस १३१६६,नेकपा ९४१४, एमाले ८२२८,नेमकिपा ३१ ।

४ . **मुगु**
नेपाली कांग्रेस ७९१४,एमाले ६७१८,नेकपा ५५५८, माओवादी (विप्लव) २८० र प्रलोपा २२ ।

५. **हुम्ला**
नेपाली कांग्रेस ८७९७,नेकपा ७२४३,एमाले ४३३१,प्रलोपा २४८, माओवादी (विप्लव) १२८ ।

६. **जाजरकोट**
नेपाली कांग्रेस २०१४२, नेकपा १७४०७, एमाले १६८८३, माओवादी (विप्लव) २१२,जनमोर्चा ५५, प्रलोपा ३८ र नेमकिपा २५ ।

७. **दैलेख १**
नेपाली कांग्रेस १२३७२,एमाले ११७९६, नेकपा ४२५६, नेमकिपा ३०२, माओवादी (विप्लव) २३५ र जनमोर्चा ९१ ।

८. **अछाम १**
नेपाली कांग्रेस १०७५९, नेकपा १०२३३, एमाले ७३८९, माओवादी (विप्लव) ७५ र नेमकिपा १० मत ।

९. **डोटी**
नेपाली कांग्रेस १४,८९७, एमाले १४११०, नेकपा ५४१३, जनमोर्चा ४१७, माओवादी (विप्लव) ३९२ र नेमकिपा ३२ ।

१०. **बाजुरा**
नेपाली कांग्रेस १७,१७३,एमाले १६६३३, नेकपा ३३०१, माओवादी (विप्लव) २३३ र प्रलोपा ९७ ।

**रास्वपाले जितेका क्षेत्र**

१. **ओखलढुंगा**
रास्वपा १३९५३, नेकपा ११२९६, एमाले १०७२०, जनमोर्चा ६२ र नेमकिपा ४० ।

२. **सिन्धुली १**
रास्वपा १६६५९, एमाले १५८७५, नेकपा ४७०८, माओवादी (विप्लव) १६७ र नेमकिपा २९ ।

३. **सिन्धुली २**
रास्वपा १७९४०, नेकपा १४७८०, एमाले ११६०६, महेश्वर दाहाल ५८६, माओवादी (विप्लव) १६३, प्रलोपा १०४ र नेमकिपा ३३ ।

४. **भक्तपुर १**
रास्वपा ३३४३६, नेमकिपा २८१४७, एमाले ३७२१, नेकपा ११७७, जनमोर्चा ३३४ र प्रलोपा ९५, माओवादी (विप्लव) ६८ र संयुक्त २६ ।

५. **बाग्लुङ २**
रास्वपा १२६४७, नेकपा १०७०९,एमाले ७८६४, माओवादी (विप्लव) ७९ र प्रलोपा ४३ ।

६. **गुल्मी २**
रास्वपा १६९६७, एमाले १६४०६, नेकपा ३०८१ र जनमोर्चा ३५४ ।

७. **प्यूठान**
रास्वपा २७४६९, एमाले १६७१०, नेकपा ९०७४, जनमोर्चा ७६५४, माओवादी (विप्लव) ५०१, प्रलोपा ५० र संयुक्त ४५ ।

८. **बैतडी**
रास्वपा २२१३४, एमाले १७०९१, नेकपा ६९६५, माओवादी (विप्लव) २९९ र नेमकिपा ९४ ।

९. **कैलाली ३**
रास्वपा २०३५९, नेकपा ११९८३, एमाले ४७५२, माओवादी (विप्लव) २५६, प्रलोपा १०२ र नेमकिपा ३५ मत ।

१०. **रामेछाप**
रास्वपा २४८०८, एमाले १७६०९, नेकपा १३३५४, जनमोर्चा १६१, माओवादी (विप्लव) १५६, प्रलोपा ११५ र नेमकिपा ५६ मत ।

११. **बर्दिया**
रास्वपा २९६७८, नेकपा १९१८०, एमाले १०७७२, माओवादी (विप्लव) २३१, संयुक्त १२४, जनमोर्चा ८७ र नेमकिपा ४३ ।

**श्रम संस्कृतिले जितेका क्षेत्र**

१. **भोजपुर**
श्रम संस्कृति १६६६३, एमाले १४७५०, नेकपा ५७२८, माओवादी (विप्लव) २०३ र नेमकिपा ६६ मत ।

२. **खोटाङ**
श्रम संस्कृति १६६१२, एमाले १२७१४, नेकपा ९४४३, माओवादी (विप्लव) १८२ र नेमकिपा २६ ।


## पर्यटन डिभिजन कार्यालय, रुपन्देही

### शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रकाशित मति :२०८२।११।२७**

यस कार्यालयको मिति २०८२।११। २६ गते आह्वान गरिएको शिलवन्दी दरभाउपत्रको सूचना सम्बन्धी सम्पूर्ण विवरण कार्यालयको वेभ साईट www.tourismrupandehi.lumbini.gov.np र सार्वजनकि खरिद अनुगमन कार्यालयको बेभसाईट www.bolpatra.gov.np.egp मा राखिएकोले सोही बमोजिम खरदि कार्यमा सहभागी हुन अनुरोध छ ।

धरौटी खाता नं. ३१२०१००२०२०३००००
कार्यालय कोड नं. ३०७०५४८०१५
राजश्व शर्षिक नं. १४२२९

**नि.कार्यालय प्रमुख**



## सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८२ / ११ /२७

यस वाई जेड कृषि फर्म र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ रुपन्देहीको लागत साझेदारीमा गड्यौली मल उत्पादन र बजारीकरणका लागि उपकरण खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ०७ दिन भित्र यस वाई जेड कृषि फर्म, लु.स.न.पा - ०२, केवटलिया, रुपन्देही मा नियमपूर्वकको कागजात सहित दरभाउपत्र फारम खरिद गरि मिति २०८२/१२/०२ दिँउसो १२ बजे भित्र यस संस्थामा सिलबन्धी दरभाउपत्र पेश गर्न आव्हान गरीएको छ । विस्तृत जानकारीको लागि सम्बन्धित संस्थामा सम्पर्क राख्न समेत जानकारी गरिन्छ ।

**तपसिलः**

**वाई जेड कृषि फर्म**
**लु.स.न.पा - ०२, रुपन्देही सम्पर्क नं. ९८५७०२०३२०**



## लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२ / ११ / २७**

यस सामुदायिक बन उपभोक्ता समुहको बनबाट उत्पादन भई शितगंगा १४ खोरमोर तोरीबारीमा घाटगद्दी गरी राखिएको साल जातको काठ १९६५.१७ क्यू. फि., अन्य जातको ४०८.८४ क्यू. फि. तथा साल दाउरा १२.०० चट्टा र अन्य दाउरा ९.०० चट्टा जे जस्तो अबस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, डिभिजन बन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्लास्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ ।

**श्री लहरी सामुदायिक बन उपभोक्ता समूह**
**शितगंगा न. पा. १४, अर्घाखाँची**



Government of Nepal
Ministry of Home Affairs

## Lumbini Province Police Training Centre

Butwal, Rupandehi

## Invitation for Online-Bids

Date of First Publication:- 11th March 2026 (27Falgun 2082 BS)

Government of Nepal, Ministry of Home Affairs Lumbini Province Police Training Centre,Butwal,Rupandehi invitesonline-bids for the following works from registered, eligible and interested firms. For more detail bidders may visitand download from e-GP system http://www.bolpatra.gov.np/egp.

| SN | IFB No. | Description of Works | Construction Site |
|---|---|---|---|
| 1 | PB/NCB/LPPTC/2082-083/01 | Construction of Tradeshop/MI Room Block | Lumbini Province Police Training Centre,Butwal, Rupandehi |



## Tansen Municipality

Office of Municipal Executive
Tansen,Palpa

## Invitation for Online Bids

**Date of publication: 2082/11/27(11 March 2026)**

Tansen Municipality Office, Tansen,Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: RastriyaBanijya Bank Ltd., Palpa
Name of the Office: Tansen Municipality Office, Tansen, Palpa
Rajaswa Account No.: 30301003010100004
Bid Validity Period: 90 days
Bank details for Bid security ( If Cash deposit) :RanstriyaBanijya Bank, Palpa, A/C no. 3030100303000004.

| Contract No. | Name of Project | Estimate Amount Inclusive VAT | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| TM/PLP/GOODS/NCB/34/2082-83 | Procurement, Supply and Delivery of Minitiller, Combine mill, Chaap cutter and Deep Freezer to Tansen Municipality, Palpa | 6776960.18 | 3000.00 | 170000 | 10-04-2026 12:00 (2082/12/27) |

Chief Administrative Officer
Tansen Municipality Office



लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध)**
**चन्द्रौटा, कपिलवस्तु**

## खोलाखोल्सी व्यवस्थापन तथा नदिजन्य पदार्थ संकलन, घाटगद्दी र विक्री कार्यको लागि विद्युतीय बोलपत्र (E-Bidding) आह्वान सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः-२०८२।११।२७

लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयको वन क्षेत्र भित्रका खोलाखोल्सी व्यवस्थापन कार्याविधि २०८० (संशोधन २०८१) को दफा ९ बमोजिम यस कार्यालय अन्तर्गतका चालु आ.व.०८२।०८३ मा तपशिलमा उल्लेखित वन क्षेत्र भएर बग्ने खोलाहरुको स्विकृत प्रारम्भिक वातावरण परिक्षण (IEE) प्रतिवेदन र सम्बन्धित खोला खोल्सीको स्विकृत व्यवस्थापन कार्ययोजनाको अधिनमा रही खोला खोल्सी व्यवस्थापन र सो कार्यबाट उत्पादन हुने नदीजन्य पदार्थहरुको संकलन,घाटगद्दी र सो पश्चात प्राविधिकहरुबाट परिमाण नाँप जाँच तथा एकिन गरेर विक्रि आदेश पश्चात विक्रि गर्ने गरी बढाबढमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमणपत्र,गत आ.व. ०८१।०८२ को कर चुक्त प्रमाणपत्र र नेपाली नागरिकताको प्रमणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी मिति २०८२।१२।२७ गते दिनको १२.०० बजे सम्म सार्वजनिक खरिद अनुगमन कार्यालय (www.bolpatra.gov.np) बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गरि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही विद्युतीय (E-Bidding) बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | ठेक्का नं./बोलपत्र नं. | ठेक्काको नाम | संकलन हुने परिमाण (घ.फि.) | न्यूनतम मूल्य (रोयल्टी) (मु.अ.कर र अ.आ कर बाहेक) | धरौटी रकम (कबोल अंकको) | बोलपत्र फारम दस्तुर रकम रु |
|---|---|---|---|---|---|---|
| १ | DFOG/RM/082/083/08 | River Management, Collection, Stockpiling and Selling of River bed materials from Gangate Khola, Bijayanagar-01, Kapilvastu | ५११३३९.५० | ५१,१३,३९५.०० | १०% | ३०००।- |

नोट :- थप विवरण www.dfogautambuddha.lumbini.gov.np एवम् www.bolpatra.gov.np मा विस्तृत सूचनामा उपलब्ध रहेको छ ।

**कार्यालय प्रमुख**



**सूर्यमुखी फूल खेतीमा रमारउँदै पर्यटक:**
भरतपुर महानगरपालिका-१५, फूलबारीस्थित श्रीपुरमा किसान चन्द्रप्रसाद अधिकारीले करिब साढे दुई विघा क्षेत्रफलमा गरेको सूर्यमुखी फूल खेतीमा अवलोकन तथा मनोरञ्जन लिन आएका पर्यटक। सूर्यमुखी खेती हेर्न आउने संख्या दिन प्रतिदिन बढ्दो छ। तस्विरः सनद अधिकारी/रासस

# तेस्रो स्वर्गीय बबुवा दाइ स्मृति फुटसल तयारी पूरा



बुटवल । खेलकुदमार्फत् लागुऔषध न्यूनीकरण अभियान नारासहित रुपन्देहीमा तेस्रो स्वर्गीय बबुवा दाइ स्मृति फुटसल प्रतियोगिता २०८२ हुने भएको छ। आस्था समूहको आयोजक, बुटवल उप-महानगरपालिकाको संरक्षकत्व तथा एभरेष्ट ग्रुप हङकङको मुख्य प्रायोजनमा फागुनको २९ र ३० गते हुने प्रतियोगिताको सबै तयारी पुरा भएको हो ।

मंगलबार बुटवलमा प्रतियोगिताको टाइसिट सार्वजनिक कार्यक्रममा आयोजक आस्था समूहका अध्यक्ष केशव पुनले स्वर्गीय मक्सुद अलि (बबुवा) को स्मरणमा प्रतियोगिताको निरन्तरता हुँदै आएको बताए ।

यस क्षेत्रमा संस्था स्थापना र लागुऔषध दुर्व्यसनी न्यूनीकरणमा बबुवाको योगदानबारे बताउँदै उनले खेल क्षेत्रमा समेत स्वर्गीय बबुवाको योगदान महत्वपूर्ण रहेको जनाए । आस्थाका संस्थापक उपाध्यक्ष समेत रहेका बबुवा युवाहरुलाई खेलमा आबद्ध गराउने अभियानमा समेत लागेका थिए ।

योगिकुटीस्थित लुम्बिनी फुटसल एरिनामा हुने प्रतियोगिताको उपाधि विजेता टिमलाई नगद १ लाख रुपैयाँ, कप, मेडल, प्रमाणपत्र तथा उपविजेता टिमलाई नगद ५० हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने समूहका रमेश मल्लले बताए । यसैगरी प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीलाई १० हजार रुपैयाँ, उत्कृष्ट गोलकिपर र हाइस्कोररलाई ५/५ हजार रुपैयाँबाट पुरस्कृत गरिने उनले बताए ।

प्रतियोगितामा रुपन्देही, नवलपरासी, कपिलवस्तु, नारायणगढ, काठमाडौंलगायतका ३२ टिमको सहभागी रहने संयोजक भुवन श्रेष्ठले बताए । लागुऔषध प्रयोगविरुद्ध प्रतियोगिता आयोजना गरिएको उनले जानकारी दिए ।

गतवर्ष फुटसल फ्रेन्डस चितवन विजेता रहेको थियो ।

# लुम्बिनीमा एक लाख बढी मत बदर हुँदा रूपन्देहीमा सबैभन्दा धेरै




**आचार्य प्रदिप**

*बुटवल*

लुम्बिनी प्रदेशका विभिन्न जिल्लाको मत विवरण हेर्दा तराई तथा भित्री तराईका जिल्लामा बदर मतको संख्या उल्लेखनीय रूपमा बढी देखिएको छ भने पहाडी जिल्लामा तुलनात्मक रूपमा कम रहेको तथ्यांकले देखाएको छ । मतदाताको संख्या धेरै भएका जिल्लामा बदर मतको संख्या पनि उच्च देखिएको हो ।

प्रदेश निर्वाचन कार्यालय दाङका प्रवक्ता गेहेन्द्र कुँवरकाअनुसार तुलनात्मक रुपमा तराईका जिल्लाहरुमा बदर मत बढी देखिएको जानकारी गराए । प्रदेशका २१ निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फ खसेको २० लाख ४३ हजार ६३४ मतमध्ये १ लाख २ हजार ९५६ मत बदर भएको उनले जानकारी दिए। उनका अनुसार १९ लाख ४० हजार ६७८ मत सदर भएको छ।

निर्वाचन कार्यालय लुम्बिनी प्रदेश कार्यालय दाङले दिएको जानकारी अनुसार रुपन्देहीमा सबैभन्दा बढी २२ हजार ३५ बदर मत परेको छ। रुपन्देहीमा कुल ४ लाख ३८ हजार ३२५ सदर मत रहेको छ, जुन सूचीमा सबैभन्दा धेरै मतदाता भएको जिल्ला पनि हो । त्यसपछि कपिलवस्तुमा १ लाख ७२ हजार १८ सदर मतमध्ये १६ हजार ७८४ मत बदर भएको देखिन्छ।

बाँकेमा २ लाख २१ हजार ३०९ सदर मत रहेकोमा १३ हजार ४४२ मत बदर भएको छ भने बर्दियामा १ लाख ९५ हजार १०७ सदर मतमध्ये १० हजार ३६८ मत बदर भएको छ। त्यसैगरी नवलपरासीमा १ लाख ७० हजार २२२ सदर मतमध्ये १० हजार ४७७ मत बदर भएको छ।

दाङमा पनि बदर मतको संख्या उल्लेखनीय देखिएको छ। दाङमा २ लाख ५१ हजार ३६८ सदर मतमध्ये १० हजार ६९८ मत बदर भएको तथ्यांकले देखाएको छ। यी जिल्लाहरू तराई तथा भित्री तराई क्षेत्रमा पर्ने भएकाले यहाँ मतदाता संख्या धेरै भएको र त्यसैको अनुपातमा बदर मत पनि बढी देखिएको विश्लेषकहरू बताउँछन् ।

**रूकुम पूर्वमा सबैभन्दा कम बदर**

सबैभन्दा कम बदर मत रुकुममा देखिएको छ। रुकुममा १८ हजार ८०९ सदर मत रहेकोमा ५६३ मत मात्रै बदर भएको छ। यहाँ नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्ड विजयी भएका छन् ।

**पहाडी जिल्लामा कम**

यसको विपरीत पहाडी जिल्लाहरूमा भने बदर मतको संख्या तुलनात्मक रूपमा कम देखिएको छ। गुल्मीमा १ लाख १९ हजार २३ सदर मतमध्ये ४ हजार १४० मत बदर भएको छ भने पाल्पामा १ लाख १४ हजार ७६२ सदर मतमध्ये ४ हजार ७९८ मत बदर भएको छ।

अर्घाखाँचीमा ८६ हजार ५२६ सदर मतमध्ये ३ हजार २२० मत बदर भएको छ । रोल्पामा ६८ हजार ७७६ सदर मतमध्ये ३ हजार १४४ मत बदर भएको छ भने प्यूठानमा ८४ हजार ४३३ सदर मतमध्ये ३ हजार २८७ मत बदर भएको देखिन्छ।

**मतदाता शिक्षाको कमी**

मतदाता शिक्षा, मतदान प्रक्रियाबारे पर्याप्त जानकारी नहुनु, मतपत्रमा सही तरिकाले मतदान नगर्नुलगायतका कारणले बदर मतको संख्या बढ्ने गर्छ । आगामी निर्वाचनहरूमा मतदाता शिक्षालाई थप प्रभावकारी बनाउन सके बदर मत घटाउन सकिने भए पनि दल तथा निर्वाचन आयोगले सोहीअनुसार गर्न नसक्दा बदर मत ठुलो संख्यामा आएको हो ।

मतगणनाका क्रममा हेर्दा नेकपा एमालेको चुनाव चिन्ह सूर्य या नेपाली कांग्रेसको चुनाव चिन्ह रुखमा मतदान गरेकाहरुले राष्ट्रिय स्वतन्त्र पार्टीको चुनाव चिन्ह घण्टीमा मतदान गरेको देखिएको मतगणनामा सहभागी एक कर्मचारीले बताए । रुपन्देहीका अधिकांश बदर मतहरु सोही प्रकारका देखिएको उनले जनाए ।

# नेपाललाई चार करोड अमेरिकी डलर ऋण स्वीकृत

बुटवल । एसियाली विकास बैंक (एडीबी)ले नेपाललाई ४ करोड अमेरिकी डलर ऋण स्वीकृत गरेको छ। यो भनेको नेपाली ५ अर्ब ८७ करोड रुपैयाँ बराबर हो ।

डिजिटल रुपान्तरण र नागरिक र व्यवसायका लागि उच्च प्रभावका डिजिटल सेवाहरुमा पहुँच विस्तार गर्न उक्त ऋण दिन लागिएको एडीबीले जनाएको छ ।

एडीबी र विश्व बैंकको पूर्ण द्विपक्षीय अवधारणाअन्तर्गत दक्षिण एसियामै पहिलोपटक नेपाल डिजिटल रुपान्तरण परियोजनालाई दिइने यस ऋणले देशको डेटा होस्टिङ र साइबर सुरक्षा पूर्वाधारलाई बलियो बनाउनेछ । यसले देशैभर डिजिटल सुरक्षा, आधुनिक र प्रयोगकर्ता केन्द्रित सार्वजनिक सेवाका पूर्वाधारलाई थप मजबुत बनाउने एडीबीको अपेक्षा छ।

यसले एउटा सुरक्षित सरकारीस्तरको डेटा एक्सचेन्ज प्लेटफर्म विकास गर्न सहयोग पुग्ने एडीबीले उल्लेख गरेको छ।

'अब डिजिटल रुपान्तरण केवल विकल्प मात्र छैन, अब सार्वजनिक सेवा डेलिभरी र नेपालको आर्थिक विकासलाई सहयोगका लागि यो निकै महत्त्वपूर्ण छ।'- नेपालका लागि एडीबीका देशीय निर्देशक अर्नाउ केउकोइसले भने ।

एडीबी र वर्ल्ड ब्यांकले समर्थन गरेको यो कार्यक्रमले सेवाको पहुँचलाई सहज बनाउने उनको भनाइ छ।

यो परियोजना नेपालको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले कार्यान्वयन गर्नेछ । यो नेपालको डिजिटल नेपाल फ्रेमवर्क २.०, १६औं राष्ट्रिय योजना, ई गभर्नेन्स ब्लुप्रिन्ट र एडीबीको देशीय साझेदारी रणनीति २०२५-२०२९ सँग सम्बन्धित रहेको छ।

# नेवानिले दुबई उडान सुरु गर्दै



बुटवल । खाडी मुलुकमा चर्किएको द्वन्द्वपछि प्रभावित हवाई उडान क्रमशः सुरु हुने क्रममा छ।

यसैबिच नेपाल वायुसेवा निगम (नेवानि) ले बुधबार काठमाडौं-दुबई रुटमा उडान गर्ने भएको छ । नेवानिले २८ फेब्रुअरीयता उडान गर्न सकेको थिएन।

कम्पनीका अनुसार २८ फेब्रुअरीदेखि ९ मार्चसम्म टिकट लिई यात्रा गर्न असमर्थ यात्रुले बुधबार यात्रा गर्न इच्छुक भए टिकट पुनः प्रमाणीकरण गराइ यात्रा गर्न सक्ने छन्।

त्यसपछि नेवानिको सूचना समेत आधार मानेर यात्रा गर्न सकिने छ । प्रमाणीकरण गरिएका यात्रुलाई मात्र विमानस्थल जान नेवानिले भनेको छ।

नेवानिको इमेल ठेगानामा टिकट पठाइ प्रमाणीकरण गर्न सकिने सुविधा दिइएको छ। सिट उपलब्धता अनुसार पहिलेदेखि रोकिएका यात्रुलाई पहिलो प्राथमिकता दिई पहिलो टिकट दिने गरी सेवा उपलब्ध गराइने भएको छ।

# लुम्बिनी प्रदेशस्तरीय मेयर कप ब्याडमिन्टन प्रतियोगिता हुने




बुटवल । खेलकुदले स्वस्थ जीवनशैली, आपसी मित्रता र सामाजिक सद्भावलाई सुदृढ बनाउने विश्वासका साथ बुटवलमा चौथो लुम्बिनी प्रदेशस्तरीय मेयर कप ब्याडमिन्टन प्रतियोगिता आयोजना हुने भएको छ । बुटवल ब्याडमिन्टन क्लबको आयोजनामा बुटवल-११ देवीनगर माझगाउँस्थित कर्भडहलमा यही फागुन २९ र ३० गते दुई दिनसम्म प्रतियोगिता हुने भएको छ।

प्रदेशस्तरमा ब्याडमिन्टन खेलको विकास, खेलाडीहरूबिच प्रतिस्पर्धात्मक वातावरण निर्माण तथा खेल संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले क्लबले हरेक वर्ष विभिन्न प्रतियोगिता आयोजना गर्दै आएको कार्यक्रमका संयोजक तथा क्लबका तृतीय उपाध्यक्ष भानु केसीले बताए।

उनले सोही अभियानलाई निरन्तरता दिँदै यसपटक चौथो संस्करणको लुम्बिनी प्रदेशस्तरीय मेयर कप ब्याडमिन्टन प्रतियोगिता सञ्चालन गर्न लागिएको जनाए।

प्रतियोगितामा मेन्स डबल, भेट्रान्स डबल (५५ वर्षमाथि), र मास्टर भेट्रान्स डबल (४५ वर्षमाथि ३५ वर्ष माथिकोलाई पाटनर बनाएर खेल्नु पर्ने ) गरी ३ विधामा प्रतिस्पर्धा हुनेछन्। लुम्बिनी प्रदेशका विभिन्न जिल्लाबाट अनुभवी तथा उदीयमान खेलाडीहरूको सहभागिता रहने अपेक्षा क्लबका अध्यक्ष नलराज नेपालले बताए।

मेन्स डबलतर्फ प्रथम हुने टिमले ४० हजार रुपैयाँ, दोस्रो हुने टिमले ३० हजार रुपैयाँ र तेस्रो हुने टिमले २० हजार रुपैयाँसहित मेडल, सिल्ड तथा प्रमाणपत्र प्राप्त गर्नेछन्।

त्यसैगरी ५५ वर्षमाथिको भेटरान्स डबलतर्फ प्रथम हुने टिमले २० हजार रुपैयाँ, दोस्रो हुने टिमले १५ हजार रुपैयाँ र तेस्रो हुने टिमले १० हजार रुपैयाँसहित मेडल, सिल्ड र ट्रफी प्राप्त गर्नेछन्।

यस्तै ३५ वर्षमाथि र ४५ वर्षमाथिको मास्टर भेटरान्स डबलतर्फ प्रथम हुने टिमले ३० हजार रुपैयाँ, दोस्रो हुने टिमले २५ हजार रुपैयाँ र तेस्रो हुने टिमले २० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्ने व्यवस्था गरिएको छ।

खेलकुदलाई स्वस्थ समाज निर्माणको बलियो माध्यमका रूपमा स्थापित गर्ने उद्देश्यले आयोजना गरिएको यो प्रतियोगिताले प्रदेशस्तरमा ब्याडमिन्टन खेलप्रति आकर्षण अझ बढाउने विश्वास आयोजकले व्यक्त गरेको छ।

बुटवल ब्याडमिन्टन क्लबका अनुसार प्रतियोगिताले खेलाडीहरूबीच प्रतिस्पर्धा मात्र नभई अनुभव आदान-प्रदान, मित्रता विस्तार र खेल संस्कृतिको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com